आवश्यक योग्यता

१. कार्यक्रम संयोजकः– मान्यता प्राप्त शिक्षण संस्थाबाट मानविकी तथा सामाजिक संकाय व्यवस्थापन कानून वा सम्वन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको विकास सम्बन्धी कार्यानुभव, कम्तीमा २ वर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

२. सामाजिक परिचालन अधिकृत – मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरि सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको । वैदेशिक रोजगारको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालिम लिएकोलाई प्राथमिकता दिइनेछ ।

३. आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता – मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तिमा ३ वर्षको कार्यानुभवव भएको ।

४. मनोसामाजिक परामर्शकर्ताः – मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टन्ट स्टाफ नर्स वा मान्यताप्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ मनोविज्ञान समाजशास्त्र सोसियल वर्कमा स्नातक तह, वि.एड. स्वास्थ्य शिक्षा,, पोष्ट ग्राजुएट डिप्लेमा इन काउन्सिलिङ उत्तीर्ण गरेको । मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

५. वित्तिय साक्षरता सहजकर्ता – मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण प्रौढ शिक्षा वा वयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको,, सुरक्षित रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ ।

६. रिटर्नी स्वयंसेवक (आंशिक) – मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको । सुरिक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेका तथा कार्यक्रम संचालन हुने हेटौडा उपमहानगरापालिकाको वडा नं. ३, ८, ११, १२,, १४ र १९, स्थायी वसोवास भएका वासिन्दालाई प्राथमिकता दिइनेछ ।

६. परीक्षा मितिः– पछि सूचना प्रकाशित गरी जानकारी गराइने छ ।

७. दरखास्त दिने अन्तिम मितिः– सूचना प्रथम पटक प्रकाशित मितिले १५ पन्ध्र दिन भित्र (अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)

८. उमेरको हदः– १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

१०. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातः– उम्मेदवारले तोकिएको शैक्षिक योग्यता, तालिम अनुभव नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा स्वयंले प्रमाणित गरी दरखास्त साथ पेश गर्न पर्नेछ।

११. परीक्षा दस्तुरः उल्लेखित दस्तुर यस उपमहानगरपालिकाको राजश्व प्रशासन शाखामा जम्मा गरी रसिद दरखास्त आवेदन साथ पेश गर्नु पर्नेछ ।

१२. सेवाका शर्तहरुः प्रचलित कानून अनुसार नेपाल सरकारले सम्बन्धित पदको लागि निर्धारण गरेको मासिक तलब अनुसारको पारिश्रमिक नियमानुसार लाग्ने कर कट्टी गरी उपलब्ध हुने । अन्य कुरा करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

१३. तोकिएको म्याद भित्र पेश नभएको वा योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा अन्य रित नपुगेका दरखास्त स्वीकृत गरिने छैन ।

१४. उपरोक्त बमोजिमको करार सेवा कुनै पनि समय कारण खुलाई वा नखुलाई रद्द गर्न सक्ने अधिकार उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

०७६।३।२८

महाशाखा प्रमुख